# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशकको वार्षिक प्रतिवेदन

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र स्थापना भएको ११ वर्ष भएको छ । यस अवधिमा केन्द्रले थुप्रै चुनौतीहरू पार गर्दै एक व्यस्त तथा विशिष्ट अस्पतालको रूपमा स्थापित भएको छ । यस केन्द्रमा पर्न आएको चापले पनि यस देशमा यस्तो विशिष्ट अस्पतालको औचित्यलाई अझ बढी सावित गरिदिएको छ। विगत एक वर्ष यस केन्द्रको लागि चुनौतिपूर्ण तर धेरै नै सार्थक रहेको मैले महसुस गरेको छु । विरामीको बढ्दो चापलाई सम्हाल्नु कठिन काम त छँदै थियो, सेवाको गुणस्तर तथा मानवीय संवेदनशिलता कायम राख्नु झनै कठिन थियो ।

विगत वर्षमा थुप्रै नयाँ थालनीहरू भएका छन्: केन्द्रमा एक आधुनिक अस्पताल भवन निर्माण कार्य करिब अन्तिम चरणमा पुगेको छ । यसमा हुने थप १०० शैयाले विरामीको चापलाई सम्हाल्न सहज हुनेछ तथा विरामीहरूका लागि सुविधामा वृद्धि समेत हुनेछ । कर्मचारीहरूको लागि आवास गृह थप तथा नयाँ उपकरणहरू जडान एवं सेवा विस्तारको कार्य यस वर्ष पनि जारी रह्यो । सन २००६ को अवधिमा मात्र एकहजार भन्दा बढी शल्यक्रिया तथा करीब दुईहजार Cath Procedure हरू भएका छन् । मुटुरोगको उपचारमा कठिन मानिने Electrophysiology सेवा, नवजात शिशुहरूको जटिल शल्यक्रिया तथा Fetal Echocardiography साथै Primary Angioplasty जस्ता सेवाहरू नियमित रूपमा उपलब्ध भइरहेका छन् । यी आंकडाहरूले यस केन्द्रलाई एक व्यस्त तथा स्थापित मुटुरोग अस्पतालको रूपमा परिचित गराएका छन् ।

विगत वर्षहरू जस्तै यस वर्ष पनि केन्द्रमा कर्मचारीहरूको वृत्ति-विकास, अन्तराष्ट्रिय विज्ञहरूसँगको ज्ञान र सिपको आदान प्रदान जारी रह्यो । त्यस्तै यस केन्द्रमा विदेशबाट वा देशका अन्य शैक्षिक संस्थाहरूबाट आउने स्नातक, स्नातकोत्तर तथा विशेषज्ञ चिकित्सकहरूलाई तालिम प्रदान गरिएको छ ।

केन्द्रको उपचारात्मक कार्य बाहेक देशका विभिन्न भागमा स्वास्थ्य शिविर तथा जनचेतना मुलक कार्यक्रमहरू पनि सञ्चालन गरिएको छ । यसै वर्षदेखि हृदयघातका कारणहरूको खोज अनुसन्धान कार्य शुरू गरिएको छ । यस केन्द्रका विशेषज्ञहरूद्वारा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयगत पत्रिकाहरूमा खोज/लेखहरू प्रकाशन भएका छन् यसबाट हाम्रो आफ्नै गुणस्तर वृद्धि हुन जाने मात्र नभई अन्तराष्ट्रिय क्षेत्रमा यस केन्द्र र देशको समेत पहिचान सुदृढ हुँदै जाने विश्वास लिएको छु ।

उपचारमा गरीब तथा निमुखा जनताको पहुँच सुनिश्चित गर्ने कार्यमा विगत वर्ष ऐतिहासिक नै भएको मैले महसुस गरेको छु । स्वास्थ्य सेवा जनताको आधारभुत अधिकारको रूपमा मान्य हुँदै आएको परिवेशमा यस केन्द्रले पनि नयाँ कार्यक्रम शुरु गरेको छ । विगत आ.व. २०६२।०६३ मा मात्रै करिब १ करोड २५ लाख बराबरको निशुल्क सेवा गरीब विरामीहरूलाई उपलब्ध गराइएको थियो । चालु आ.व. २०६३।६४ देखि १५ वर्ष मुनिका बालबालिकाले आर्थिक अभावका कारणले अल्पायुमै ज्यान गुमाउन नपरोस भनि विशेष कार्यक्रम शुरू गरिएको छ ।

नेपाल सरकारले यस प्रयोजनको लागि रू. २ करोडको व्यवस्था गरेको छ । यस कार्यक्रम शुरू भएको प्रथम ६ महिनामा नै ३२० जना गरीब बच्चाहरूको निशुल्क उपचार स्वीकृत भई १७० जनाको क्याथ तथा शल्यक्रिया समेत भईसकेको छ । यस कार्यक्रमले गरीब जनताको राज्य र सरकारप्रतिको विश्वास जगाई दिएको छ भने हामी स्वास्थ्यकर्मीहरूलाई उनीहरूको जीवनदानमा सहयोगी हुन पाएको सुखद अनुभूति भएको छ। यस कार्यक्रमलाई जुनसुकै अवस्थामा पनि जारी राख्न नेपाल सरकारको सहयोग रहने छ भन्ने मैले विश्वास लिएको छु ।

विगत जस्तै यो वर्षपनि गैर सरकारी संस्थाहरू तथा विभिन्न व्यक्तिहरूको सहयोग उल्लेखनीय रह्‌यो ।

कार्यसम्पादनमा आर्थिक अनुशासनका क्षेत्रमा पनि हामीले सन्तोष लिने ठाउँ रहेको छ । विगत ५ वर्षदेखि नै केन्द्रले र सरकारले राखेको लक्ष्यभन्दा बढी प्रगति भएको देखिन्छ । त्यस्तै विगत केही वर्षदेखि आ.व. २०६१।०६२ सम्म केन्द्रको बेरूजु शुन्यमै कायम राख्न हामी सफल भएका छौं ।

माथि उल्लेखित सकारात्मक प्रगतिका बावजुद केन्द्रका आगामी दिन चुनौतिपूर्ण हुनेछन् । नियमित सेवा प्रदान गर्नुका अलावा नयाँ प्रविधिको आयात, शिक्षण तथा सार्थक अनुसन्धान कार्यहरूलाई सँगसँगै अगाडि बढाउनु पनि उत्तिकै महत्वपूर्ण छ । विरामीको बढ्दो चाप र नयाँ भवन पूर्ण सञ्चालनमा आएपछिको आर्थिक दायित्व धान्न केन्द्रले धेरै मेहनेत गर्नुपर्ने हुन्छ । संस्था ठूलो हुँदै जाँदा चुस्त र अनुशासित ढङ्गले अस्पताल व्यवस्थापन गर्नु अरू बढी कठिन हुने निश्चित छ, तथापि हालसम्म देखिएको यस केन्द्रका सम्पूर्ण प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको मेहनत, लगन तथा जिम्मेवारीवोधले यस केन्द्रलाई अरू अघि बढाउन सकिन्छ भन्नेमा म विश्वास गर्दछु ।

अन्त्यमा यस केन्द्रलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउने सरकारी तथा गैर सरकारी निकायहरू, सञ्चालक समितिका पदाधिकारीहरू, अन्य अस्पताल तथा विरामीहरू, सहयोग गर्ने चन्दादाताहरू तथा ब्लड डोनरहरू, विरामी तथा विरामीका अभिभावकहरू, केन्द्रका सहकर्मी साथीहरू तथा अस्पतालका शुभचिन्तक महानुभावहरूप्रति म हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यबाद ।

डा. भगवान कोइराला
कार्यकारी निर्देशक